COVID-19

# सम्पर्क पत्ता लगाउने कदमहरु

यस तथ्य पत्रले NSW स्वास्थ्यले COVID-19 वा कोरोना भाईरस फैलावटलाई सुस्तिकरण गर्न सम्पर्क कसरी पत्ता लगाऊँदछ भनेर ब्याख्या गर्दछ

## COVID-19 एक व्यक्ती बाट अर्को व्यक्तीमा सजिलै फैलन्छ। सुमदायमा फैलनकोलागि केवल एउटा COVID-19 संक्रमित व्यक्ती मात्रै हुनुपर्दछ।

## सम्पर्क पत्तालगाउने भनेको के हो?

जब कसैलाई COVID-19 लाग्दछ, NSW ले उनिहरुलाई बिगत केहिदिनहरुमा कहाँ कहाँ जानुभएको थियो भनेर प्रश्न सोध्छन्।

उनिहरुले  तपाई हुनुभएकै स्थलमा भएका मानिसहरुको बारेमा पनि जानकारीहरु सोध्नेछन्।

यसलाई सम्पर्क पत्तालगाउने भनिन्छ। NSW स्वास्थ्यका मानिसहरु जसले फोन गर्दछन् उनिहरुलाई सम्पर्क पत्ता लगाउने व्यक्ती भनिन्छ।

## पहिलो कदम।

यदि तपाई कोहि COVID-19 भएका मानिसहरु संगै उहि स्थलमा जानु भएको भएमा, एउटा NSW स्वास्थ्यका सम्पर्क पत्ता लगाउने व्यक्तीले फोन गर्दछन्।



यो फोन निजी नंम्बरबाट आऊँदछ कृपया स्वीकार गर्नुहोला।




यदि तपाईलाई दोभाषेको आवश्यकता परेमा, सम्पर्क पत्ता लगाउने व्यक्तीलाई तपाईलाई एउटा चाहिन्छ भनेर उल्लेख गर्नुहोला।

दोभाषेहरु निशुल्कः उपलब्ध छन्, तपाईलाई पैसा लाग्दैन।



## दोश्रो कदम

सम्पर्क पत्ता लगाउने व्यक्तीले तपाईलाई कस्तो अनुभव भैरहेको छ भनेर सोध्नेछ।

उनिहरुले तपाईको बारेमा प्रश्नहरु सोध्नेछन्।

यी जानकारीहरु गोप्य राखिनेछ।



COVID-19

# सम्पर्क पत्ता लगाउने कदमहरु

सम्पर्क पत्ता लगाउने व्यक्तीले तपाईलाई आफुले पालना गर्नुपर्ने नियमहरुको बारेमा भन्नेछ।



तपाईले पनि संवयं अलगवा(सेल्फ आईसोलेसन) गर्नु पर्नेछ। यसको अर्थ घरमै रहनुहोला, अन्य व्यक्तीहरुबाट टाढै।



सम्पर्क पत्ता लगाउने व्यक्तीले तपाईलाई यदि तपाईको घरमा प्रर्याप्त औषधी र खानाहरु छ छैन पनि सोध्नेछन्।



## तश्रो कदम

सम्पर्क पत्ता लगाउने व्यक्तीले तपाईलाई घरमा रहनुहुँदा तपाईले कस्तो महसुस गरिरहनु भएको छ भनेर फोन वा टेक्स गर्दछन्।



सम्पर्क पत्ता लगाउने व्यक्तीले तपाईलाई आफूले कहिले साथीहरु र परिवारहरु पुनः भेट्न सक्नुहुनेछ भनेर भन्नेछ।



© NSW Health December 2020.